# बकैया गाउँकार्यपालिकाको मिति २०७५।३।७ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. वडागत बजेट सिलिङ सम्बन्धमा :-**

बकैया गाउँपालिकाका १२ वटा वडा कार्यालयहरुको लागि आगामि आर्थिक वर्ष २०७५।७६ को वडा स्तरीय योजना छनौट र बजेट तर्जुमाका लागि प्रति वडा समान रुपमा ५० लाख वडागत बजेट सिलिङ तोक्ने निर्णय गरियो ।

**२. गाउँसभाको लागि मिति तोक्ने सम्बन्धमा :-**

बकैया गाउँपालिकाकाको तेश्रो गाउँसभा मिति २०७५ साल असार महिनाको १० गते संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**३. वडागत योजना अन्तिम आइपुगनुपर्ने मिति सम्बन्धमा :-**

बकैया गाउँकार्यपालिकाले तोकेको वडागत बजेट सिलिङको अधिनमा रहि तथा मिति २०७५ जेठ २८ गतेको बकैया गाउँ कार्यपालिका बैठकले तोकेको योजना प्राथमिकताका आधार तथा मार्गदर्शनलाई अनुसरण गरी टोल भेलाबाट माग भएका योजनाहरुलाई वडा समितिको बैठकले प्राथमिकीकरण गरी निर्णय पश्चात गाउँकार्यपालिकामा मिति २०७५ असार १० गते बिहान ८ बजे भित्र अनिवार्य पेश गर्ने निर्णय गरियो ।

**४. फास्ट ट्र्याक को इन्ट्रि पोइन्ट**(Intersection point)**सम्बन्धमा:-**

बकैया गाउँपालिका क्षेत्र भएर निर्माणाधिन राष्ट्रिय गौरवको आयोजना 'निजगढ काठमाडौं फास्ट ट्र्याक'को सर्भे हुँदा बकैया गाउँपालिका वडा नं ६ राजदमार क्षेत्रमा सो फास्ट ट्र्याकमा प्रवेश गर्ने प्रवेश विन्दु( Intersection point) रहने गरी सर्भे भएको र मुआब्जा समेत सोहि बमोजिम बितरण भइसकेको सन्दर्भमा हाल आएर सो प्रवेश विन्दु सो स्थानमा नरहने भन्ने बुझिन आएकोले साविककै सर्भेको प्रतिवेदन बमोजिम प्रवेश विन्दु सोहि स्थानमा कायम गरिदिन गाउँपालिकाको तर्फबाट सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका मकवानपुर